MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

# मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड
महाराजगञ्ज, काठमाडौं
MADHYA BHOTEKOSHI JALAVIDYUT COMPANY LIMITED
Maharajgunj, Kathmandu

प.लि.नं. १२४५/०६७/६८
प.सं. ०८२/८३ च.नं. ४३४
PAN No.:304954751

मितिः २०८२।०८।२९

श्री नेपाल स्टक एक्सचेन्ज,
सिंहदरबार प्लाजा,काठमाडौं ।

विषयः कम्पनीको तेह्रौं तथा चौधौं वार्षिक साधारण सभा सम्बन्धी सञ्चालक समितिको निर्णयको जानकारी सम्बन्धमा।

उपर्युक्त विषयमा यस कम्पनीको सञ्चालक समितिको मिति २०८२।०८।२९ गते अपरान्ह ५:०० बजे सम्पन्न ३८५औं बैठकबाट आ.व.२०८०।०८१ तथा आ.व.२०८१।०८२ को लेखा परीक्षण प्रतिवेदन सहित वार्षिक प्रतिवेदनको स्वीकृति लगायतका निम्नानुसार विषयसूचीउपरका प्रस्तावमा छलफल गरी पारित गर्न मिति २०८२ पौष २७ गते (तदनुसार जनवरी ११, २०२६) गते कम्पनीको तेह्रौ तथा चौधौं वार्षिक साधारण सभा बस्ने निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ । साथै, उक्त वार्षिक साधारण सभामा कम्पनीको लाभांश सम्बन्धी कुनै प्रस्ताव नरहेको र शेयर दाखिला खारेज मिति (Book Close Date) २०८२।०९।१६ गते बुधबार एक (१) दिन बन्द गरिने व्यहोरा समेत अनुरोध छ ।

**साधारण सभाको विषयसूचीः**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले आ.व.२०८०।०८१ र आ.व.२०८१।०८२ को वार्षिक प्रतिवेदनको प्रस्तुति र सो को स्वीकृति सम्बन्धमा ।

(२) लेखापरीक्षण प्रतिवेदनसहित आ.व.२०८०।०८१ र आ.व.२०८१।०८२ साल आषाढ मसान्तको वित्तीय विवरणहरू (वासलात, आय व्यय विवरण तथा नगद–प्रवाह विवरण र तत्सम्बन्धी अनुसूचीहरू) उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

(३) कम्पनीको सञ्चालक समितिको मिति २०८२।०५।३० मा बसेको ३७७औं बैठकको निर्णयानुसार कम्पनी ऐन,२०६३ को दफा ११३ मा भएको व्यवस्था अनुरुप कम्पनी रजिष्ट्रारको कार्यालयमा अनुरोध गरिएकोमा उक्त कार्यालयको मिति २०८२।०६।२७ को स्वीकृति अनुसार लेखापरीक्षक श्री सुजित वाग्ले, S.A.N.S. Associates, Chartered Accountants, महाराजगंज, काठमाडौंलाई लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व.२०८१।०८२ को लागि मूल्य अभिवृद्धि करबाहेक रु.१,७८,०००।– (एक लाख अठहत्तर हजार मात्र) लेखापरीक्षण शुल्क निर्धारण गरी लेखापरीक्षक नियुक्त गरिएकोले सोको



फोन नं.: ४७२१६४१/४७२१६४२
फ्याक्सः ४७२१६४३
ई मेलः admin@mbjcl.com.np
पो.ब.नं. २३५९९, काठमाण्डौ ।
Web Site: www.mbjcl.com.np

अनुमोदनका साथै आ.व.२०८२।०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

(४) **विशेष प्रस्ताव:**

(क) विभिन्न संघ संस्थाहरुलाई आर्थिक सहायता दिइएको रकम अनुमोदन गर्ने सम्बन्धमा ।

(५) विविध ।

साधारण सभा सम्बन्धी अन्य जानकारी राष्ट्रिय स्तरको पत्रिका केही दिन पश्चात विस्तृतरुपमा प्रकाशित गरिने व्यहोरासमेत अनुरोध छ ।

(कमल प्रसाद पण्डित)
कम्पनी सचिव

**बोधार्थ:**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय,त्रिपुरेश्वर,काठमाण्डौं ।
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री विद्युत नियमन आयोग,सानो गौचरण, काठमाडौं ।
श्री विद्युत विकास विभाग, सानो गौचरण, काठमाडौं ।
श्री कर्मचारी संचयकोष, पुल्चोक, ललितपुर।
श्री नेपाल विद्युत प्राधिकरण, दरबारमार्ग, काठमाडौं ।
श्री सि.डि.एस. एण्ड क्लियारिंग लि., पुतलीसडक, काठमाडौं ।
श्री चिलिमे जलविद्युत कम्पनी लि.,धुम्बाराही,काठमाण्डौं ।
श्री ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाडौं ।
श्री सिन्धुपाल्चोक हाइड्रोपावर कम्पनी लि., कोटेश्वर, काठमाडौं ।
श्री नेपाल अरनिको हाइड्रोपावर कम्पनी लि., बालुवाटार,काठमाण्डौं ।
श्री सिन्धु इन्भेष्टमेन्ट कम्पनी प्रा. लि., तिनकुने, काठमाण्डौं ।
श्री सिन्धु भोटेकोशी हाइड्रोपावर लि., भोटेकोशी गाउँपालिका,चाकु,सिन्धुपाल्चोक ।
श्री मध्य भोटेकोशी जलविद्युत आयोजना,बाह्रबिसे न.पा.-५,खोराङ,सिन्धुपाल्चोक ।



फोन नं.: ४७२१६४१/४७२१६४२
फ्याक्स: ४७२१६४३
ई मेल: admin@mbjcl.com.np
पो.ब.नं. २३५९९, काठमाण्डौ ।
Web Site: www.mbjcl.com.np